**नीति जेआइसिइसि - सामग्रीहरूको विद्यार्थी वितरण**

समुदायको कल्याण र अधिकारहरू पर्याप्त रूपमा संरक्षित भएको सुनिश्चित गर्नका लागि विद्यार्थीले विद्यालयमा वा विद्यालय परिसरको वरिपरि र वितरण गर्न चाहेको विद्यालयले प्रायोजित नगरेको प्रकाशन वितरण गर्नु अघि विद्यालय प्रिन्सिपल वा प्रतिनिधिलाई स्वीकृतिका लागि बुझाउनु पर्नेछ। प्रिन्सिपल वा प्रतिनिधिले विद्यालयले प्रायोजित नगरेको प्रकाशनमा युक्तिसङ्गत ढङ्गले सि.आर.एस २२–१–१२० (३) अन्तर्गत निषेध गरिएको निम्मानुसारको अभिव्यक्ति भएको निर्णय गरे भने, उनले सो अस्वीकार गर्न सक्छन् :

(३) यस कोडको कुनै पनि कुरालाई विद्यार्थीद्वारा निम्न कुराको प्रकाशन र वितरणका लागि अनुमोदनका रूपमा हेरिनेछैन :

क) अश्लील अभिव्यक्ति

ख) कानुन अनुसार निन्दात्मक, मिथ्या वा अपमानकारी अभिव्यक्ति

ग) सामुदायिक व्यक्तित्व नभएको वा सामुदायिक चासोका विषयहरूमा चासो नभएको व्यक्ति प्रति गलत अभिव्यक्ति

घ) अभिव्यक्ति जसले स्पष्ट रूपमा गैरकानुनी क्रियाकलापको वकालत गर्ने खतरा हुन्छ, कानुनसम्मत विद्यालय नियमनहरूको उल्लङ्घन हुन्छ, वा नियमित चलिरहेको विद्यालयमा सामग्रीजन्य वा गम्भीर व्यवधान हुन्छ वा जसले अन्य व्यक्तिहरूको गोपनियताको अधिकार हनन हुन्छ।

विद्यार्थीहरू जसले यस नीतिको उल्लङ्घनमा सामग्रीहरू वितरण गर्छन् र/वा त्यस्ता सामग्री वितरण गर्छन् जसले विद्यालय अफिसियलको धारणामा व्यक्ति वा सम्पत्तिलाई पर्याप्त बाधा पुर्‍याउँछ वा क्षति गर्छ तिनीहरू अनुशासनात्मक कार्वाहीको भागीदार हुनसक्छन्।

यस नीति र राज्यको कानुनको सीमाभित्र रहेर विद्यार्थीहरूले विद्यालयले प्रायोजित नगरेका विद्यार्थी प्रकाशनहरू र अन्य साहित्य, जस्तै समाचारपत्र, पत्रिकाहरू, पर्चाहरू, पुस्तिकाहरू विद्यालय परिसर र भवनहरूमा आफ्नो स्वामित्वमा राख्ने र वितरण गर्ने अधिकार राख्छन्।

प्रिन्सिपल वा प्रतिनिधिले आफूलाई विद्यार्थीले बुझाएको कुनै पनि सामग्रीको वितरण सम्बन्धी निर्णय सो बुझाएको दुई विद्यालय दिनभित्र गरिसक्नुपर्नेछ। सो अवधिमा कुनै स्वीकृत नभएको वा अस्वीकृत सामग्रीलाई स्वीकृत भनी मान्नु पर्नेछ।

यदि कुनै विद्यार्थीले प्रिन्सिपल वा प्रतिनिधिको निर्णयमा असहमति राख्छन् भने उनीहरूले सुरुवाती निर्णयको तीन दिनभित्रमा उपयुक्त सह सुपरिन्टेन्डेन्ट वा प्रतिनिधिलाई समीक्षाका लागि लिखित अनुरोध दर्ता गर्ने अधिकार राख्छन्। सह सुपरिन्टेन्डेन्टले सबै पक्षहरूलाई आफ्ना असहमतिका कारणहरू प्रस्तुत गर्ने अवसर प्रदान गर्नेछन् र समीक्षाको अनुरोधमाथि अन्तिम निर्णय सुनवाइको तीन दिनभित्र गर्नेछन्।

**वितरणको समय, ठाउँ र विधि**

यस नीतिका पहिलेका अनुच्छेदहरूमा निर्धारित स्तर कायम गर्ने विद्यार्थी प्रकाशनहरूको वितरणको समय, ठाउँ र विधिको नियमन प्रिन्सिपल वा प्रतिनिधिले गर्न सक्नेछन्, जुन नियमनहरू :

१. सबै प्रकाशनहरूमा एकैनासले लागू हुन्छन्

२. विद्यालय क्रियाकलापमा हस्तक्षेप हुने कुरा निधो गर्न जसका लागि कुनै तथ्यगत आधार नहुँदा, कुनै समय वा ठाउँमा, चाहे विद्यालय भवन भित्र वा बाहिर होस् वितरण निषेध गर्दैनन्

३. वितरण निषेध गरिएका समयमा वा ठाउँमा विशिष्ट छन्

४. नियम अनुसार वितरण गरिएका प्रकाशनहरू स्वीकार गर्ने वा अस्वीकार गर्ने व्यक्तिको अधिकारलाई बाधा गर्दैनन्

यस नीतिलाई विद्यालय वर्षको सुरुमा वितरण गरिनेछ, पोस्ट गरिनेछ वा अन्यथा सबै विद्यार्थीहरू र शिक्षकहरूलाई उपलब्ध गराइनेछ।

कानुनी सन्दर्भ : सि.आर.एस. २२–१–१२०

सि.आर.एस. २२–३२–११०(१)(आर)
क्रस सन्दर्भ : जेके, विद्यार्थी व्यवहार र अनुशासन

**परिभाषाहरू**

यस नीतिमा प्रयोग भएका पदहरूका लागि निम्नलिखित परिभाषाहरू लागू हुनेछन् :

१. वितरण - साधारणतया विद्यार्थीहरूलाई उपलब्ध हुने गरी कुनै पनि रूपको लिखित सामग्रीको पर्याप्त प्रसार । यसमा विद्यार्थीहरू साधारतया जाइरहने क्षेत्रहरूमा लिखित सामग्रीहरूको पोस्टिङ पनि सामेल छ ।

२. ग्याङ्ग - तीन वा बढी व्यक्तिहरूको समूह जसको साझा इच्छा, बन्धन र क्रियाकलाप हुन्छन् र एक्लै वा समूहगत रूपमा आपराधिक र कर्तव्यच्यूत व्यवहारमा संलग्न हुन्छन् ।

३. अश्लील

क) समसामयिक विद्यालय समुदाय स्तर लागू हुने औसत मानिसले लिखित सामग्री, समग्रमा, कामुक प्रवृत्तिको पाउँछ

ख) सामाग्रीले एकस्व उल्लङ्घनीय तरिकाले यौनिक व्यवहार जस्तै यौन-क्रिया(साधारण वा विकृत, वास्तविक वा कृत्तिम), हस्तमैथुन, उत्सर्जन कार्य, र यौनाङ्गको छाडा प्रदर्शन, चित्रित गर्छ वा व्याख्या गर्छ ।

ग) समग्रमा सामग्रीले गम्भीर साहित्यिक, कलात्मक, राजनैतिक वा वैज्ञानिक मूल्य देखाउँदैन ।

४. कुनै विशिष्ट व्यक्तिका बारेमा सो व्यक्तिको प्रतिष्ठालाई हानी गर्ने गरी, सो व्यक्तिप्रति समुदायको भावना तल झार्ने गरी वा अरूलाई सो व्यक्तिसँग सम्बन्ध राख्न वा व्यवहार गर्न अवरोध गर्ने गरी निन्दात्मक, मिथ्या, वा अपमानकारी - झूठो, अप्राधिकृत मौखिक वा लिखित वक्तव्य । यस्ता वक्तव्यहरूमा ती वक्तव्यहरू पनि सामेल छन् जसले व्यक्तिलाई सामुदायिक घृणा, लज्जा, तिरस्कार, उपहाश वा अपयश बोध गराउँछन् ।

५. सामुदायिक व्यक्तित्व - त्यो व्यक्ति जसले मानिसहरूको ध्यान चाहन्छ वा आफ्ना उपलब्धिहरूबाट ख्यातिप्राप्त छ ।